**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको**
**तेह्रौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू**

१. **वैधानिक सभा :**

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको १८० औँ बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीबमोजिम संस्थाको तेह्रौँ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहायबमोजिम सम्पन्न भयो ।

मिति : २०८२ पौष ३० गते बुधबार ।
समय : बिहान ९:०० बजे प्रारम्भ भई दिउँसो १२:३० बजे समापन ।
स्थान : होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

२. **उपस्थिति :**

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थापक | सर्वसाधारण | जम्मा |
| १ | श्री कल्याण बिक्रम पाँडे | अध्यक्ष | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौँ | १४५९८९२ | २६३४०३ | १७००३६२ |
| २ | श्री नेपाल भुषण श्रेष्ठ | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौँ | ७२९९४७ | २६३३५४ | ९९३३०१ |
| ३ | श्री सुमन मुलेपति | सञ्चालक | सिटिजन्स बैंक इन्टरनेसनल लि., नारायणहिटी पथ, काठमाडौँ | ७१९५१८ | २५९५९३ | ९७९१११ |
| ४ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | – | ७३२ | ७३२ |
| ५ | श्री आयुष ओझा | सञ्चालक | स्वतन्त्र | – | – | – |

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. ★ HEAD OFFICE BATTAR NUWAKOT ★ Estd. 2069

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| ३ | श्री शालीग्राम भट्टराई | निर्वाचन संयोजक | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : ९६ (छ्यानब्बे)
सर्वसाधारण शेयरधनीको संख्या : ५८,००० (अन्ठाउन्न हजार) रहेकोमा सभामा निम्नबमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १,४१,९०,००० | ७२,३६,९०० | ६९,५३,१०० | १३ | २७ | ४० |

## ३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०८२ पौष ८ गते र १० गते राष्ट्रिय दैनिक पत्रिका "कारोबार" मा प्रकाशित गरिएको र मिति २०८२/०९/१७ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. Estd 2069 HEAD OFFICE BATTAR NUWAKOT

तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिएको थियो भन्ने ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८२ पौष १७ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | ९६ | ७२,३६,९०० | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ५८,००० | ६९,५३,१०० | |
| | जम्मा | ५८,०९६ | १,४१,९०,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधिमार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहायबमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिँदै सभा कानुनबमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,४१,९०,००० | ७२,३६,९०० | ६९,५३,१०० | ६४,२६,३११ | १७,०१,६२७ | ८१,२७,९३८ | ५७.२८ |

## ४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

MERO MICROFINANCE LAGHUBITTA ... HEAD OFFICE BATTAR NUWAKOT Estd 2069

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.२५ प्रतिशतले हुन आउने नगद लाभांश रू. ३५,४७,५००/- (अक्षरेपी पैंतीस लाख सत्चालीस हजार पाँच सय रुपैयाँ मात्र), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने।

५. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्बसाधारण शेयरधंनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ४.७५ प्रतिशतले हुन आउने रकम रू. ६,७४,०२,५००/- (अक्षरेपी छ करोड चौहत्तर लाख दुई हजार पाँच सय रुपैयाँ मात्र), बराबरको बोनस शेयर जारी गर्ने।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

(ग) विविध।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो। तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनुभयो।

## ६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो।

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. HEAD OFFICE BATTAR NUWAKOT Estd 2069

७. **तेह्रौं वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०८१/८२ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०८२/८३ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :**

साधारण सभामा कुनै पनि शेयरधनीहरूबाट कुनै जिज्ञासा र सुझावहरू प्राप्त नभएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

९. **सभाका निर्णयहरू :**

आजको सभामा शेयरधनी महानुभावहरूलाई सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहायबमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम श्री पि. जे. पि. एन एण्ड कम्पनी, कमलपोखरी, काठमाडौँलाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फम लेखापरीक्षण र प्रमाणिकरणवापतको पारिश्रमिक स्वरूप रू. ११,३०,०००/- (अक्षरेपी एघार लाख तिस हजार मात्र) कर सहित प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

MEROMICROFINANCE LAGHUBITTA ... HEAD OFFICE BATTAR NUWAKOT Estd 2069

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.२५ प्रतिशतले हुन आउने नगद लाभांश रू. ३५,४७,५००/- (अक्षरेपी पैतीस लाख सत्चालीस हजार पाँच सय रुपैयाँ मात्र), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

५. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्बसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री कल्याण बिक्रम पाँडे (प्रतिनिधि : ग्लोबल आइएमई बैंक लि.), श्री नेपाल भुषण श्रेष्ठ (प्रतिनिधि : प्राइम कमर्सियल बैंक लि.) र श्री सुमन मुलेपति (प्रतिनिधि.: सिटिजन्स बैंक इन्टरनेसनल लि.) तथा सर्बसाधारण समूह तर्फबाट (समूह ख) सञ्चालक समितिमा प्रतिनिधित्व गर्नका लागि श्री सुनिता पौडेल (प्रतिनिधि : सर्बसाधारण समूह) सञ्चालकमा निर्विरोध निर्वाचित भएको ब्यहोरा निर्वाचन संयोजकबाट जानकारी भयो। साथै नव निर्वाचित सञ्चालकज्यूहरूलाई प्रमाण पत्र र सफल कार्यकालको शुभकामना ब्यक्त गरियो।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ४.७५ प्रतिशतले हुन आउने रकम रू. ६,७४,०२,५००/- (अक्षरेपी छ करोड चौहत्तर लाख दुई हजार पाँच सय रुपैयाँ मात्र), बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी तपसिल बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो। साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले गरियो।

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,४१,९०,००,०००/- (अक्षरेपी एक अर्ब एकचालीस करोड नब्बे लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,४१,९०,००० (एक करोड एकचालीस लाख नब्बे हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,४१,९०,००,०००/- (अक्षरेपी एक अर्ब एकचालीस करोड नब्बे लाख मात्र) हुनेछ । | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,४८,६४,०२,५००/- (अक्षरेपी एक अर्ब अठ्चालीस करोड चौसठ्ठी लाख दुई हजार पाँच सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,४८,६४,०२५ (एक करोड अठ्चालीस लाख चौसठ्ठी हजार पच्चिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,४८,६४,०२,५००/- (अक्षरेपी एक अर्ब अठ्चालीस करोड चौसठ्ठी लाख दुई हजार पाँच सय मात्र) हुनेछ । | संस्थाले ४.७५ प्रतिशतले हुन आउने रू. ६,७४,०२,५००/- (अक्षरेपी छ करोड चौहत्तर लाख दुई हजार पाँच सय मात्र) बराबरको बोनस शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकाले । |

(ग) विविध

विविध अन्तर्गत यस तेह्रौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस तेह्रौं वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस तेह्रौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुर्‍याउने सम्पूर्ण शेयरधनी, श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, नेपाल प्रहरी, पत्रकार महानुभावहरू, संस्थाका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस तेह्रौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. Estd 2069 HEAD OFFICE BATTAR NUWAKOT

श्री रामहरि दाहाल
कम्पनी सचिव

श्री कल्याण बिक्रम पाँडे
अध्यक्ष

सभा सम्पन्न मिति : २०८२ पौष ३० गते बुधबार, तदनुसार जनवरी १४, २०२६ ।